# नेपालमा विद्यालय बाहिर रहेका बालबालिका, युवा तथा किशोरकिशोरीका लागि बृहत यौनिकता शिक्षा:

## डेस्क समिक्षा



लूम

तान नेपाल

RIGHT HERE
RIGHT NOW

# नेपालमा विद्यालय बाहिर रहेका बालबालिका, युवा तथा किशोरकिशोरीका लागि बृहत यौनिकता शिक्षाः

## डेस्क समिक्षा

लूम
पञ्चायन मार्ग
पो.ब.नं.: ४६४८
थापाथली,काठमाण्डौं, नेपाल
टेलिफोन नम्बरः ९७७१४२५१३३५,४२५१७०९
इमेलः Loom@loomnepal .org
वेबसाइटः www.taannepal.org
फेसबुकः loomnepal
ट्वीटरः @loomnepal
यूट्यूवः loomnepal
इन्स्टाग्रामः iamtroublemaker

# नेपालमा विद्यालय बाहिर रहेका बालबालिका, युवा तथा किशोरकिशोरीका लागि बृहत यौनिकता शिक्षा:
## डेस्क समिक्षा


| | |
|---|---|
| समिक्षक | श्री शिवा कर्माचार्य, ~~परामर्शदाता~~ |
| अनुवाद एवं सम्पादन | श्री पुण्य भण्डारी, परामर्शदाता<br>श्री नेत्र प्रसाद भण्डारी |
| सहजिकरण | श्री गीता थापा, लूम<br>श्री ज्योत्स्ना मास्के, लूम<br>श्री राजेन्द्र महर्जन, राष्ट्रिय संयोजक राईट हियर राईट नाउ नेपाल |
| प्रकाशन सहयोगी | राईट हियर राईट नाउ  नेपाल, स्वीकार परियोजना |
| प्रकाशक | लूम, १४२ पाञ्चायन मार्ग, थापाथली, काठमाण्डौं, नेपाल |
| सर्वाधिकार | लूम २०१९ |
| आवरण चित्र | लूम |
| डिजाईन | काजी स्टूडियो |
| मुद्रण | .................. प्रेस |
| ISBN | 9789937-0-5874-2 |


यो समिक्षालाई विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणको क्षेत्रमा कार्य गर्ने वर्गले शैक्षिक प्रयोजनको लागि प्रयोगमा ल्याउन सक्नु हुनेछ ।

# आभार

‘नेपालमा विद्यालय बाहिर रहेका बालबालिकाका लागि बृहत यौनिकता शिक्षाः डेस्क समिक्षा’, राईट हियर राईट नाउ नेपालको सहकार्यमा लूमका परामर्शदाता श्री शिवा कर्माचार्यले तयार पार्नु भएको हो । यो समिक्षा नेपालमा विद्यालय बाहिर रहेका बालबालिकाका लागि बृहत यौनिकता शिक्षाको आवश्यकतालाई बोध गरी पाठ्यक्रम विकास केन्द्र तथा शैक्षिक क्षेत्रमा क्रियाशिल सरोकारवालाहरूलाई आगामी दिनमा विद्यालय बाहिर रहेका बालबालिकाका लागि बृहत यौनिकता शिक्षाको पाठ्यक्रम तथा तालिम सामग्री विकास गर्न सहज होस् भन्ने हेतुले तयार पारिएको हो । यस बृहत यौनिकता शिक्षामा हालसम्म विद्यालय भित्र र विद्यालय बाहिर भएका विभिन्न संघ संस्थाहरूको प्रयासलाई अध्ययन गरी समिक्षा गर्न खोजिएको छ ।

यस समिक्षालाई श्री पुण्य भण्डारी र श्री नेत्र प्रसाद भण्डारीले अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गर्नु भएको हो ।

यस समिक्षामा समालोचनात्मक सुझाव प्रदान गर्नु हुने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका श्री बद्री पौडेलप्रति पनि हामी आभारी छौं । यसका साथै लूमका महासचिव श्री गीता थापा लगायत सम्पूर्ण टिमले छोटो अवधिमा यस सृजनात्मक कार्यमा विशेष योगदान दिनु भएको छ ।

लूम, यस कार्यमा प्रत्यक्ष एवं परोक्ष रूपमा सहयोग गर्ने सम्पूर्ण व्यक्तित्वहरूलाई हृदयदेखि आभार व्यक्त गर्दछ । साथै, राइट हियर राइट नाउ नेपाललाई सहकार्यको लागि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**ज्योत्स्ना मास्के**
**अध्यक्ष, लूम**
**नोभेम्बर २०१९**

# विषय-सूची


पृष्ठ विषयहरू

१ परिचय
नेपालमा बृहत यौनिकता शिक्षाले निम्न तत्व समावेश गरेको छ

३ पाठ्यक्रम अनुसार नेपालमा बृहत यौनिकता शिक्षा

८ कक्षा ९ मा बृहत यौनिकता शिक्षामा समेटिएका विषयवस्तुहरू

९ कक्षा १० मा बृहत यौनिकता शिक्षामा समेटिएका विषयवस्तुहरू

१० बृहत यौनिकता शिक्षामा पाठ्यक्रम विकास केन्द्रको आगामी रणनीति
उद्देश्य

११ बृहत यौनिकता शिक्षा र मानव अधिकार विद्यालय बाहिर रहेका बालबालिका, किशोरकिशोरी र युवा को हुन्?

१२ विद्यालय बाहिर रहेका बालबालिका, किशोरकिशोरी र युवा को हुन्?

१३ विद्यालय बाहिर रहेका युवा तथा बालबालिकाहरूका पार्श्वचित्र र बृहत यौनिकता शिक्षाको सीमा?







१४ कम उमेरमा विवाहित बेहुला र बेहुली

१५ अपाङ्गता भएका युवा तथा बालबालिकाहरू

१६ बाल श्रमिकहरू

१७ एचआईभी र एड्स भएका युवाहरू

१७ महिला समलिंगी (लेस्वियन), पुरुष समलिंगी (गे), द्विलिंगी (बाईसेक्सुअल), पारलिंगी (ट्रान्सजेण्डर ), र अन्तरलिंगी (ईन्टरसेक्स): LGBTI

१८ सडक बालबालिका

१९ नेपालमा विद्यालय बाहिरको बृहत यौनिकता शिक्षाको अवस्था

२१ अबको निकास

२३ सन्दर्भ सामग्रीहरु

# छोटकरी शब्दावली

| | |
|---|---|
| AFHS | Adolescents Friendly Health Services |
| AIDS | Acquired Immune Deficiency Syndrome |
| CEDAW | Convention on Elimination of all forms of Discrimination Against Women |
| CEHRD | Center for Education and Human Resource Development |
| CLC | Community Learning Center |
| CRC | Convention on the Rights of Child |
| CRPD | Convention on Rights of Person with Disabilities |
| CSE | Comprehensive Sexuality Education |
| DoE | Department of Education |
| EPH | Environment Population and Health |
| FSP | Flexible School Programme |
| HC3 | Health Communication Capacity Collaborative |
| HIV | Human Immunodeficiency Virus |
| ICCPR | International Covenant on Civil and Political Rights |
| ICESCR | International Covenant on Economic Social and Cultural Rights |
| ICPD | International Conference on Population and Development |
| ICT | Information and Communication Technology |
| IPPF | International Planned Parenthood Federation |
| LGBTIQ | Lesbian Gay Bisexual Transgender Intersex and Queer |
| NCED | National Center for Education Development |
| NFEC | Non-Formal Education Center |
| NHEICC | National Health Education Information and Communication Center |
| NLSS | Nepal Living Standard Survey |
| MICS | Multiple Indictor Cluster Survey |
| MHealth | Mobile Health |
| SDGs | Sustainable Development Goals |
| SFSF | Social and Financial Skills Package |
| SRH/R | Sexual and Reproductive Health and Rights |
| STDs | Sexually Transmitted Diseases |
| UNESCO | United Nations Educational Scientific and Cultural Organizations |
| UNFPA | United Nations Population Fund |
| UNICEF | United Nations Children's Fund |



# परिचय

मानिस हुनुको केन्द्र भागमा मानव यौनिकता पर्दछ। जसमा यौन स्वास्थ्य, महिनावारी, प्रजनन स्वास्थ्य, शारीरिक एकिकृतपना, यौनिक अभिमूखिकरण, लैंगिक पहिचान, शारीरिक बनावटका साथै असंख्य अन्य अवयवहरूको समिश्रण र व्यक्तिगत अनुभव हुने गर्दछन । व्यक्ति अनुसार मानव यौनिकता फरक पर्दछ किनकी हरेक व्यक्ति फरक किसिमको वातावरण, विविधतायुक्त समाज, रितिरिवाज, परम्परा तथा धार्मिक पृष्ठभूमीमा हुर्किएको हुन्छ ।

यसै बीचमा बालबालिका तथा किशोरकिशोरीहरूलाई आफ्नो जीवनलाई स्वास्थ्य र सुखमय बनाउने सीप हासिल गर्न तथा मूल्यमान्यता विकास गर्न यौनिकता सम्बन्धी ज्ञान हुनु अपरिहार्य छ। सामाजिकिरणको आधारभूत माध्यमको रूपमा बालबालिकाहरूलाई उनीहरूको अभिभावक तथा परिवार सदस्यले सानै उमेरदेखि परिवारमा यौनिकता शिक्षा दिनु पर्दछ जहाँ उनीहरूले यौनिक तथा सांस्कृतिक मूल्यमान्यताका बारेमा केही सिकिरहेका हुन्छन्। यौन र यौनिकताका सवाललाई हाम्रा कतिपय समाज र संस्कारमा वर्जित विषयवस्तुका रूपमा लिने भएको हुँदा बालबालिका र किशोरकिशोरीहरू थाहा पाउनै पर्ने आफ्नो यौनिकताका बारेमा अनभिज्ञ बन्दछन्। उनीहरूको सूचनाका स्रोतहरू प्रायजसो साथीसँगी, इन्टरनेट, सामाजिक सञ्जाल, टेलिभिजन र पत्रपत्रिका हुने गर्दछन् । जसबाट उनीहरूले प्राप्त गरेको सूचना सधैंभरी सहि र भरपर्दो नहुन सक्छ। त्यसैले विद्यालय जस्ता औपचारिक संस्थाहरूले किशोरकिशोरीलाई यौन शिक्षा प्रदान गर्न प्रमुख भूमिका खेल्दछन् तसर्थ विद्यालयको पाठ्यक्रममा आधारित यौन शिक्षालाई नै बृहत यौनिकता शिक्षा भनिन्छ।

मानव यौनिकताका मनोवैज्ञानिक, संबेगात्मक, शारीरिक र सामाजिक पक्षलाई समेटेर तयार पारिएको पाठ्यक्रममा आधारित अध्ययन अध्यापन विधिलाई बृहत यौनिकता शिक्षा भनी परिभाषित गरिन्छ। यो शिक्षाद्वारा किशोरकिशोरी तथा बालबालिकाहरूको ज्ञान, सीप, मूल्य र धारणामा अभिवृद्धि गरेर उनीहरूलाई आफ्नो स्वास्थ्य, वृत्तिविकास र स्वाभिमान अनुभूति

गराउन, सम्मानपूर्ण सामाजिक र यौन सम्बन्ध विकास गर्न, व्यक्तिगत छनौंटले आफ्नो तथा अरुको प्रगतिलाई कसरी प्रभाव पार्छ भन्ने कुरा स्विकार गर्न, र जीवनभरीका लागि आफ्नो अधिकारको सुरक्षा बारे बुझ्न र सुनिश्चित गर्न लक्षित छ । (UNESCO 2018)

बालबालिका, किशोरकिशोरी तथा युवाहरूको सर्वाङ्गीण विकास तथा सशक्तिकरणका लागि बृहत यौनिकता शिक्षा अनिवार्य आवश्यकता हुन सक्ने

भनि विभिन्न समयमा गरिएका धेरै अध्ययनले प्रमाणित गरेका छन् । यौनिकता शिक्षा केवल स्वास्थ्यको विषयमा ज्ञान दिन मात्र सीमित छैन जबकी यसले असुरक्षित यौन व्यवहारवाट श्रृजित हुने सम्भावित नकरात्मक परिणामहरूलाई कम गर्न, युवा तथा किशोकिशोरीहरूमा जीवनोपयोगी सीपहरू जस्तै सञ्चार, सम्वाद, दृढता, पक्षपातविरुद्ध चुनौती दिन सक्ने र निर्णय गर्न सक्ने सीप विकास प्रति लक्षित छ । बृहत यौनिकता शिक्षाका बारेमा सन् २०१६ मा ग्ल्भक्रइ द्वारा गरिएको तथ्य समिक्षाले पाठ्यक्रममा आधारित यौनिकता शिक्षाका कारणले किशोरकिशोरीहरू माझ पहिलो यौन सम्पर्कको उमेर ढिलो सुरु भएको, यौन साथीहरूको संख्या घटेको जोखिमयुक्त व्यवहार अपनाउने क्रम घटेको र कण्डम तथा परिवार नियोजनका साधनको प्रयोगमा वृद्धि भएको पाईयो । स्वास्थ्यका सकारात्मक परिणामहरू बाहेक, यस तथ्यगत अध्ययनले बृहत यौनिकता शिक्षाले लैंगिक असमानता घटाउन सघाएको, महिला तथा किशोरीविरुद्ध हुने हिंसाका घटना कम गरेको र उनीहरूमा आफ्ना अधिकार र नागरिक हक दावी गर्ने क्षमतामा पनि वृद्धि भएको पाइयो ।

सन् २००३ मा नेपालमा पहिलो पटक अनिवार्य स्वास्थ्य जनसंख्या तथा वातावरण विषयअन्तर्गत पाठका रूपमा यौनिकता शिक्षा लागू गरिएको थियो यद्यपी यो कक्षा ९ र १० मा मात्र लागू गरिएको थियो । त्यसको एक दशकपछि सन् २०१३ मा पाठ्यक्रम परिमार्जित भयो र यस विषयलाई कक्षा ६, ७ र ८ मा पनि लागू गरियो । तर वर्तमानमा यौनिकता शिक्षालाई नेपालमा एक्लो विषयका रूपमा लागू नगरी विभिन्न विषयहरू जस्तै विज्ञान, सामाजिक शिक्षा, स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र नैतिक शिक्षामा समावेश गरी लागू गरिएको छ ।



**नेपालमा बृहत यौनिकता शिक्षाले निम्न तत्त्व समावेश गरको छः**

- यौन तथा प्रजनन स्वास्थ्य
- लैंगिकता
- हिंसा
- यौन अधिकार
- आनन्द वा मनोरञ्जन
- विविधता
- सम्बन्ध

# पाठ्यक्रम अनुसार नेपालमा बृहत यौनिकता शिक्षा

| कक्षा तथा विषय | पाठ्यक्रमको सक्षमतामा भएका व्यवस्थाहरु | पाठ्यक्रमको विषयवस्तुको क्षेत्र र क्रम तालिकामा भएका व्यवस्थाहरु | पाठ्यपुस्तकमा भएका व्यवस्थाहरु |
|---|---|---|---|
| कक्षा: ४ र ५<br>सामाजिक अध्ययन<br><br>कक्षा: ६-८ विषय:<br>सामाजिक<br><br>कक्षा: ४ र ५<br>स्वास्थ्य तथा शारीरिक शिक्षा | | • महिला र पुरुषमा गरिने समान व्यवहार<br>• महिला अधिकार (प्रजनन स्वास्थ्य अधिकार)<br>• बाल अधिकार<br>• छोरा र छोरीबीचको भेदभाव<br>• दाइजो प्रथा<br>• घरेलु हिंसा<br>•अन्धविश्वास<br>• पोषण<br>• स्वस्थ बानी<br>• सरुवा रोग (एचआइभी एड्स) | |
| कक्षा: ६-८<br>स्वास्थ्य तथा शारीरिक शिक्षा | तहगत सक्षमता: उमेर अनुसार हुने शारीरिक परिवर्तनहरूका महत्व बुझी स्वस्थ प्रजनन व्यवहार<br><br>कक्षा ६, ७ र ८ को कक्षागत सिकाइ उपलब्धीमा समेत समावेश भएको | • कक्षा ८ मानव शरीरअन्तर्गत प्रजनन प्रणाली<br>• कक्षा ७ र ८ मा रोगअन्तर्गत एचआइभी र एड्स, भिरिङ्गी, सुजाक, किशोरावस्थामा, यौन तथा प्रजनन स्वास्थ्य<br>• कक्षा ६ किशोरावस्थाको परिचय, किशोरावस्थामा आउने परिवर्तनहरु, यौनिकता शिक्षा र यसको महत्व, यौन तथा प्रजनन स्वास्थ्यको अवधारणा र महत्व, महिला र पुरुषको बाहिरी प्रजनन अङ्गहरूको बनोट, प्रजनन अङ्गहरूको सरसफाइ र यसको महत्व | • प्रजनन प्रणालीका संरचना र कार्य<br>• किशोरकिशोरीका जिम्मेवारी<br>• सुरक्षित यौन व्यवहार<br>• प्रजनन स्वास्थ्य<br>• सुरक्षित गर्भपतन<br>• गर्भ निरोधका तरिका<br>• प्रजनन स्वास्थ्य तथा सुविधाहरु<br>• बृहत यौनिकता शिक्षाको परिचय, महत्व र क्षेत्रहरु |

| कक्षा तथा विषय | पाठ्यक्रमको सक्षमतामा भएका व्यवस्थाहरु | पाठ्यक्रमको विषयवस्तुको क्षेत्र र क्रम तालिकामा भएका व्यवस्थाहरु | पाठ्यपुस्तकमा भएका व्यवस्थाहरु |
|---|---|---|---|
| कक्षा: ६-८<br>स्वास्थ्य तथा शारीरिक शिक्षा | | • कक्षा कक्षा ७ किशोरावस्थाको चरणहरू, यौन अभिमूखीकरण, प्रजनन स्वास्थ्य शिक्षाको आवश्यकता र प्रजनन प्रक्रिया, शुक्रकिट उत्पादन प्रक्रिया, स्वप्नदोष, डिम्ब उत्पादन र रजस्वला, गर्भधारण, प्रजनन अङ्गमा हुने संक्रमण र रोगथामका उपायहरु<br>• कक्षा ८ किशोर किशोरीहरुको जिम्मेवारी, सुरक्षित यौन व्यवहार, प्रजनन स्वास्थ्य, सुरक्षित गर्भपतनको अवधारणा, गर्भ निरोधको अवधारणा, तरिका र साधनहरू, प्रजनन स्वास्थ्य सेवा तथा सुविधाहरू, बृहत यौनिकता शिक्षाको परिचय, महत्व र क्षेत्रहरु | • युवामैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा<br>• एचआईभी संक्रमित प्रतिको व्यवहार रपरामश |
| कक्षा : ६-१०<br>सामाजिक अध्ययन र जनसंख्या शिक्षा | | • समाजिकीकरण<br>• लैंगिकता<br>• विविधता व्यवस्थापन<br>• सामाजिक विकृति र समाधान (देहव्यापार, देउकीप्रथा, छाउपडी दाइजो प्रथा)<br>• मौलिक अधिकार<br>• जनसंख्या व्यवस्थापन, गुणस्तरीय जीवन, पारिवारिक जीवन<br>• शिक्षा, लैंगिक विभेद, लैंगिक समानता<br>• जनसंख्या व्यवस्थापनका उपायहरु | |

| कक्षा तथा विषय | पाठ्यक्रमको सक्षमतामा भएका व्यवस्थाहरु | पाठ्यक्रमको विषयवस्तुको क्षेत्र र क्रम तालिकामा भएका व्यवस्थाहरु | पाठ्यपुस्तकमा भएका व्यवस्थाहरु |
|---|---|---|---|
| कक्षा: ९ र १०<br>अनिवार्य स्वास्थ्य<br>जनसंख्या तथा वातावरण | | • सामाजिकीकरण<br>• लैंगिकता<br>• विविधता व्यवस्थापन<br>• सामाजिक विकृति र समाधान (देहव्यापार, देउकी प्रथा, छाउपडी दाइजो प्रथा)<br>• मौलिक अधिकार | |
| कक्षा: ९ र १०<br>अनिवार्य स्वास्थ्य<br>जनसंख्या तथा वातावरण | जनसंख्या व्यवस्थापन<br>पारिवारिक जीवन शिक्षा र गुणस्तरीय जीवन किशोरावस्था, यौन शिक्षा, प्रजनन शिक्षा तथा अधिकार, मातृ शिशु स्वास्थ्य हेरचाह | • जनसंख्या व्यवस्थापन<br>• पारिवारिक जीवनमा अभिभावकको उत्तरदायित्व, विवाह, पारिवारिक योजना, गुणस्तरीय जीवनका तत्व, आधार, सूचक<br>• मानव विकास सूचाङ्क<br>• यौन संक्रमित रोगहरु<br>• सुरक्षित मातृत्व<br>• मातृशिशु स्वास्थ्य हेरचाह | • पारिवारिक योजना निर्माणमा महिलाको संलग्नता, भविष्यका लागि पारिवारिक योजना, किशोरावस्थाका विशेषता, माग, परिवर्तन, समस्या र व्यवस्थापन<br>• यौन शिक्षा (परिचय, उद्देश्य )<br>• प्रजनन स्वास्थयका पक्षहरु (बा□झोपना, गर्भपतन, प्रजनन प्रणालीको संरचना र कार्य, रजस्वला प्रक्रिया र व्यवस्थापन)<br>• जनसंख्या व्यवस्थापनका उपायहरु (जन्मान्तर, उपयुक्त उमेरमा विवाह, महिला सशक्तिकरण, लैंगिक समानता र समता, गर्भ निरोधका उपायहरु)<br>• स्तनपान, पोषण, खोप |
| कक्षा : ९ र १०<br>अनिवार्य विज्ञान | | • क्रोमोजोमको परिचय<br>• लिंग निर्धारण<br>• जीवहरुको मैथुनिक र अमैथुनिक प्रजनन प्रक्रिया | |

| कक्षा तथा विषय | पाठ्यक्रमको सक्षमतामा भएका व्यवस्थाहरु | पाठ्यक्रमको विषयवस्तुको क्षेत्र र क्रम तालिकामा भएका व्यवस्थाहरु | पाठ्यपुस्तकमा भएका व्यवस्थाहरु |
|---|---|---|---|
| कक्षा : ९ र १०<br>ऐच्छिक स्वास्थ्य तथा शारीरिक शिक्षा | प्रजनन प्रणालीमा भाग लिने अङ्गहरुको बनावट, कार्य, चित्र | • प्रजनन प्रणालीको परिचय, चित्र, संरचना, कार्य<br>• रजस्वला चक्र<br>• गर्भाधान प्रक्रिया<br>• गर्भावस्थामा शिशुको विकास<br>• प्रजनन स्वास्थ्य (गर्भवतीको हेरचाह, आमा र बच्चाको हेरचाह, स्तनपान र शिशु स्याहार)<br>• यौन संक्रामक रोगहरुको परिचय, लक्षण र रोगथाम<br>• पोषण ( रक्तअल्पता, कुपोषण )<br>• बृहत यौनिकता शिक्षा<br>• अवधारणा, उद्देश्य, महत्व<br>• किशोर अवस्थाको यौनिकता र त्यसको व्य( वस्थापन<br>• किशोरी अवस्थामा मासिकश्राव, समस्या, व्यवस्थापन र सेनिटरी प्याडको<br>• किशोर उमेरमा विवाह, गर्भवती आमा बन्दाको समस्या र सुरक्षित रहने उपाय<br>• विवाहपूर्व र विवाहपछि परस्त्री, परपुरुष यौन सम्बन्धका असर र व्यवस्थापन<br>• सुरक्षित यौन व्यवहार<br>• मानव तथा चेलीबेटी वेचविखन र सुरक्षाका उपाय | • प्रजनन प्रणाली<br>• सरुवा रोग<br>• कुपोषण<br>• प्रजनन स्वास्थ्य<br>• कशोरावस्थाको मनोयौनिकता<br>• समस्याको व्यवस्थापन |

| कक्षा तथा विषय | पाठ्यक्रमको सक्षमतामा भएका व्यवस्थाहरु | पाठ्यक्रमको विषयवस्तुको क्षेत्र र क्रम तालिकामा भएका व्यवस्थाहरु | पाठ्यपुस्तकमा भएका व्यवस्थाहरु |
|---|---|---|---|
| कक्षा : ९ र १० <br> ऐच्छिक जनसंख्या शिक्षा | बृहत् यौनिकता शिक्षा अवधारणा पहिचान तथा लैंगिकताका विविध पक्षहरुको विश्लेषण <br> पारिवारिक जीवन शिक्षाले मानवीय जीवनका विविध पक्षमाथि पार्ने प्रभावको व्याख्या <br> जनसंख्या व्यवस्थापनका उपायहरु <br> जनसंख्या व्यवस्थापन <br> किशोरावस्थामा हुने परिवर्तन, रुची र व्यवहारको व्यवस्थापन | • लैंगिकताको अवधारणा <br> • लैंगिकताको परिचय <br> • यौन र लैंगिकतामा भिन्नता <br> • लैंगिकता विभेद र लैंगिकता भूमिका <br> • महिला र पुरुषलाई हुने विभेद <br> • लैंगिकता भूमिकाको परिचय <br> • बृहत यौनिकता शिक्षाको अवधारणा <br> • बृहत यौनिकता शिक्षाको परिचय <br> • बृहत यौनिकता शिक्षाको उद्देश्य <br> • बृहत यौनिकता शिक्षाको महत्व <br> • यौनिकता शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय <br> • निर्देशनबाट प्राप्त मुख्य अवधारणाहरु <br> • जनसंख्या व्यवस्थापन <br> • किशोरावस्था शिक्षा <br> • पारिवारिक जीवन शिक्षा <br> • यौन संक्रमित रोग <br> • जनसंख्या नियन्त्रणका उपाय <br> • मातृ स्वास्थ्य <br> • बाल स्वास्थ्य | • मूल्य, अभिवृद्धि र सीप <br> • मूल्य, अभिवृद्धि र यौनिकतासम्बन्धी सिकाइका स्रोतहरु <br> • यौनिक व्यवहारप्रतिको मान्यता र दौतरी प्रभाव <br> • निर्णय गर्ने <br> • सञ्चार सीप र सम्झौता गर्ने सीप <br> • यौनिक समस्या समाधान गर्नको लागि सहयोग प्राप्त गर्ने तरिका <br> • सम्बन्ध <br> • परिवारका सदस्यहरुको भूमिका <br> • मित्रता, प्रेम र सम्बन्ध <br> • सहनशीलता र सम्मान <br> • दीगो प्रतिबद्धता, विवाह र अभिभावकत्व |

| कक्षा तथा विषय | पाठ्यक्रमको सक्षमतामा भएका व्यवस्थाहरु | पाठ्यक्रमको विषयवस्तुको क्षेत्र र क्रम तालिकामा भएका व्यवस्थाहरु | पाठ्यपुस्तकमा भएका व्यवस्थाहरु |
|---|---|---|---|
| कक्षा : १ देखि ३ विषय : आधारभुत | | • पोषण<br>• स्वस्थ बानी<br>• सर्ने रोग (एचआईभी एड्स) | |
| कक्षा : ११ र १२<br>विषय : ऐच्छिक स्वास्थ्य तथा शारीरिक शिक्षा ( प्रस्तावित ) | | • प्रजनन प्रणाली संरचना र कार्य<br>• सुरक्षित जीवन शैली र सुरक्षित यौन व्यवहार<br>• यौन स्वास्थ्यको प्रवर्द्धन र सुधार<br>• यौन संक्रमित रोगहरुको रोकथाम र नियन्त्रण | |



# कक्षा ९ मा बृहत यौनिकता शिक्षामा समेटिएका विषयवस्तुहरू

- पारिवारिक जीवन शिक्षा र रोजगारी
- जिम्मेवार अभिभावकत्वको अवधारणा
- परिवारमा आमाबाबुको भूमिका तथा जिम्मेवारी
- मानव बेचबिखन तथा ओसारपसारको अवधारणा
- मानव बेचबिखन तथा ओसारपसारका कारण, रोकथाम तथा नेपालको सन्दर्भमा यसको चुनौति
- पारिवारिक जीवन चक्र
- परिवार योजना
- पारिवारिक योजना र परिवार नियोजनको अवधारणा
- गुणस्तरीय जीवन र पारिवारिक जीवन शिक्षा
- गुणस्तरीय जीवनको अवधारणा
- कम उमेरमा विवाह
- छोराको मान्यता
- महिलाको स्थिति र उच्च शिशु मृत्यु दर
- किशोरावस्थाका प्रजनन सम्बन्धी सरकारी नीति, गर्भपतन नीति

# कक्षा १० मा बृहत यौनिकता शिक्षामा समेटिएका विषयवस्तुहरू

- नेपालका सन्दर्भमा लैंगिकता
- लैंगिकताको सामाजिक संरचना
- लैंगिकता सम्बन्धी सामाजिक मूल्य मान्यता
- समसामयिक लैंगिकताका मुद्दाहरू
- लैंगिकता समानता र समता
- लैंगिकता र महिला सशक्तिकरण
- लैंगिकताका चुनौतीहरू र अवसरहरू
- लैंगिकता मुद्दा र जनसंख्या शिक्षा
- लैंगिकता मुद्दाका सामाजिक परिणामहरू
- लैंगिकता मुद्दालाई सम्बोधन गर्ने प्रयासहरू
- यौनिकता संस्कृति समाज र मानव अधिकार अवधारणा र अन्तसम्बन्ध
- यौनिकता र आमसञ्चार
- लैंगिकतामा आधारित हिंसा
- मानव अधिकार तथा यौनिक तथा प्रजनन अधिकार र यसलाई संरक्षण गर्ने उपायहरू
- मानव विकास
- यौनिक तथा प्रजनन प्रणाली
- यौवनावस्था
- शारीरिक आकृति
- गोपनीयता तथा शरीरप्रतिको लगाव
- यौनिक व्यवहार
- यौन, यौनिकता र यौनिक जीवन चm
- यौनिक व्यवहार र यौनिक प्रतिक्रिया
- यौनिक तथा प्रजनन स्वास्थ्य
- गर्भ व्यवस्थापन
- यौनजन्य सङ्क्रमण र एचआईभी
- सङ्क्रमणको जोखिमको पहिचान र जोखिम न्यूनीकरण गर्ने उपायहरू
- एचआईभी र एड्स, लान्छना र पुर्नस्थापना
- यौन सङ्क्रमण र एचआईभी सङ्क्रमणको उपचार, हेरचाह र सहयोग
- विवाहको अवधारणा किसिम र प्रचलित प्रकारहरू
- विवाहको उपयुक्त उमेर
- विवाह सम्बन्धी जनसाङ्ख्यिक सवालहरू
- विवाह सम्बन्धी कानुनी प्रावधानहरू: बदर हुने विवाह, बदर हुन सक्ने विवाह, दण्डनीय विवाह, वैध विवाह
- विवाह सम्बन्धी समाजवादी दृष्टिकोण
- एक पति–एक पत्नी प्रथा, बहुपति प्रथा, बहुपत्नी प्रथा
- जनसांख्यिक दृष्टिकोणमा विवाहः पहिलो विवाह, दोश्रो वा पुनः विवाह
- बाँझोपनाको अवधारणा, कारण, प्रभाव र
- व्यवस्थापन
- पुरुषको कारण, महिलाको कारण
- बाँझोपनाको प्रभाव
- बाँझोपना समाधानका उपायहरू: दम्पती
- आफैले गर्ने उपाय, चिकित्सकको सहयोगबाट गरिने उपाय
- जनसंख्या व्यस्थापन

# बृहत यौनिकता शिक्षामा पाठ्यक्रम विकास केन्द्रको आगामी रणनीति

कक्षा ११ र १२ को प्रस्तावित अनिवार्य सामाजिक विषयको पाठ्यक्रमको सक्षमतामा

- विविधताको बोध र सम्मान
- लैंगिकताको आधारमा हुने राजनीतिक, आर्थिक र सांस्कृतिक असमानता र हिंसाको बारेमा बोध र प्रस्तुति
- जनसांख्यिक स्वरूप, जन्मदर र मृत्युदरको कारण र समिक्षा
- कक्षा ११ र १२ मा जीवनोपयोगी शिक्षालाई अलग्गै विषयको रूपमा लागू गरिने
- कक्षा ९ को ऐच्छिक समाजशास्त्र विषयमा लैंगिकता सम्बन्धी पाठ समावेश भएको हुने

निरन्तरको प्रयास र एउटा लामो इतिहास बोकेको पैरवीका कारणले नेपालको औपचारिक शिक्षा प्रणालीले बृहत यौनिकता शिक्षामा उल्लेखनीय परिवर्तन र उपलब्धी हासिल गरेको छ । यद्यपी अझै पनि विद्यालयपाठ्यक्रमको यौनिकता शिक्षा बृहत र उमेर सुहाउँदो हुन सकेको छैन । आईपिपिएफले तयार पारेको एक प्रतिवेदन अनुसार 'जहाँ किशोरकिशोरीहरूले यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको आधारभूत सूचनाको स्रोत विद्यालय हो भनी पहिचान गरेका छन्, त्यहाँ उल्लेख्य संख्यामा विद्यालय छाडेका वा कहिल्यै विद्यालय जान नपाएका युवा तथा किशोरकिशोरीहरू जो यस शिक्षाबाट बञ्चित हुन्छन् र तिनीहरू यौन सम्बन्धी विभिन्न जोखिममा पर्न सक्छन् ।

यस प्रतिवेदनमा हामीले विद्यालय बाहिर रहेका युवा तथा किशोरकिशोरीहरू किन बढी जोखिममा छन् भन्ने कुरा खोतल्ने प्रयास गर्नेछौं र यदि तिनीहरूलाई अझै यौनिकता शिक्षाबाट बञ्चित गरियो भने विद्यालयगईरहेका धेरै किशोरकिशोरीहरूको तुलनामा उनीहरूमा त्यो जोखिम र क्षति झनै बढ्ने छ । यो तथ्य विभिन्न लेख, रचना तथा प्रतिवेदनहरूको समिक्षा, बृहत यौनिकता शिक्षाको सवालमा नेपालमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ–संस्थाका प्रतिनिधिहरूसँगको प्रमुख सूचनादाता अन्तर्वार्ताबाट प्राप्त सूचनाका आधारमा तयार पारिएको हो ।

## उद्देश्य

१. नेपालमा विद्यालय बाहिर रहेकाहरूको बृहत यौनिकता शिक्षाको वर्तमान अवस्थाको व्याख्या र सम्बोधन

२. नेपालमा विद्यालय बाहिर रहेकाहरूको बृहत यौनिकता शिक्षालाई संस्थागत गर्न गरिएका प्रयासहरूको पहिचान ।

# बृहत यौनिकता शिक्षा र मानव अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रलाई आधार मान्दै बृहत यौनिकता शिक्षाको अधिकार विभिन्न राष्ट्रिय नीतिहरू र अन्तर्राष्ट्रिय सम्झौताका दस्तावेजहरूबाट प्राप्त भएको हो, जसले बृहत यौनिकता शिक्षालाई एउटा इकाईका रूपमा मात्र नलिई विभिन्न अधिकारहरूको सम्मिलित रूप हो भनी हेरेको छ। यो अधिकारभित्र शिक्षाको अधिकार, लैंगिक समानताको अधिकार, सूचनाको अधिकार, स्वास्थ्यको अधिकार, भेदभाव र हिंसाविरुद्धको अधिकार लगायत अन्य धेरै अधिकारहरू समेटिएका छन्।

युवा तथा किशोरकिशोरीहरूको बृहत यौनिकता शिक्षालाई अधिकारका रूपमा सुनिश्चित गर्ने विभिन्न अन्तर्राष्ट्रिय सम्झौताहरूमा बाल अधिकार सम्बन्धी महासन्धी (CRC), आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (ICESCR), नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (क्ष्क्रऋएच), महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी १९७९ (CD) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी २००६ (CRPD) र जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (CRCPD), कार्ययोजना १९९४ हरू रहेका छन्।

दिगो विकास लक्ष्य २०१५ ले पनि माथी उल्लेखित अन्तर्राष्ट्रिय सम्झौताहरूलाई आफ्ना सबै १७ वटा लक्ष्यहरू २०३० सम्ममा प्राप्त गर्न आधार मानेको छ जसमा लक्ष्य ३ (स्वस्थ र समृद्ध जीवन), लक्ष्य ४ (गुणस्तरिय शिक्षा) र लक्ष्य ५ (लैंगिक समानता) हरूले सबै युवा, बालबालिका तथा किशोरकिशोरीहरूलाई बृहत यौनिकता शिक्षा दिईनु पर्नेमा जोड दिएको छ।

नेपालमा राष्ट्रिय स्तरमा पनि बृहत यौनिकता शिक्षालाई राजनैतिक रूपमा संरक्षित गरिएको छ। नेपालको संविधान २०१५ ले सम्पूर्ण नागरिकहरूको समानताको हक, सूचनाको हक, शिक्षा र स्वास्थ्य सम्बन्धी हक, महिला अधिकार र बाल अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। नेपालको मुलूकी र देवानी संहिता २०१७ ले बाल विवाह (२० वर्षभन्दा कम उमेरमा गरिने विवाह) लाई अपराधिकरण गरेको छ। यसले विभिन्न सर्तमा सुरक्षित गर्भपतनको अधिकार प्रदान गरेको छ साथै जबरजस्ती करणी र विभिन्न प्रकारका हिंसा विरुद्धको अधिकार प्रदान गरिनुले पनि सबैका लागि बृहत यौनिकता शिक्षा महत्त्वपूर्ण रहेको कुरा स्पष्ट पार्छ। त्यसै गरी नेपालमा अन्य धेरै नीति तथा कानुनी प्रावधानहरूले पनि बृहत यौनिकता शिक्षाको समग्रताको एकिकृत पहलमा जोड दिएको पाइन्छ। भर्खरै लागू भएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०१८ को दफा ३.१ ले हरेक महिला तथा किशोरकिशोरीहरूलाई शिक्षाको अधिकार, सूचनाको अधिकार र यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सेवा र परामर्शको अधिकार सुनिश्चित गरेको छ। त्यसै गरी दफा ३.२ ले हरेक व्यक्तिको प्रजनन स्वास्थ्य सम्बन्धी सूचना, परामर्श तथा सेवाको पहुँचको अधिकारलाई सुनिश्चित गरेको छ।

***नेपालको मुलूकी र देवानी संहिता २०१७ ले बालविवाह (२० वर्षभन्दा कम उमेरमा गरिने विवाह) लाई अपराधिकरण गरेको छ ।***

# विद्यालय बाहिर रहेका बालबालिका, किशोरकिशोरी र युवा को हुन्?

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश तथा मापदण्ड अनुसार बालबालिका किशोरकिशोरी र युवाको परिभाषा फरक फरक हुन सक्छ। बाल अधिकार सम्बन्धी महासन्धी (CRC) का अनुसार १८ वर्षभन्दा कम उमेरको व्यक्तिलाई बालक भनि परिभाषित गरेको छ। त्यसै गरी संयुक्त राष्ट्र संघले तथ्याङ्किय प्रयोजनका लागि १०–१९ वर्ष उमेर समूहका व्यक्तिलाई किशोरकिशोरी र १५–२४ उमेर समूहका व्यक्तिलाई युवा भनि परिभाषित गरेको छ ।

युनिसेफका अनुसार 'विद्यालय बाहिरका' भन्नाले फराकिलो दायराको वास्तविकतालाई जनाउँछ, जसले

१. कहिल्यै विद्यालय नगएकाहरू जस्तै आफ्नो समुदायमा विद्यालयको पहुँच नभएकाहरू वा विद्यालय भएर पनि भर्ना नभएकाहरू
२. सिकाई नभएकाहरू जस्तै विद्यालय भर्ना भएर पनि विद्यालयमा सुविधा, पाठ्य सामग्री तथा शिक्षक नभएकोले नगएकाहरू
३. विद्यालय छाडेकाहरू जस्तै शिक्षा प्रणालीका कारणले र विद्यालयमा भर्ना भएर पनि सधैं अनुपस्थित रहनेहरू ।

चुलालोङ्कर्न विश्वविद्यालयको आजीवन शिक्षा विभाग (Department of Lifelong Education) ले गरेको एक अध्ययनले परिभाषित गरे अनुसार 'विद्यालय बाहिरका' भन्नाले ३ देखि २५ वर्ष उमेर समूहका युवा तथा बालबालिकाहरू जो विद्यालयमा उपस्थित हुँदैनन्/जाँदैनन् वा जो विद्यालयमा अध्ययन गर्दा गर्दै आफ्नो आधारभूत पढाई पुरा नगरी बीचैमा छाडिदिन्छन् ।

माथि लेखिएका परिभाषाको सन्दर्भ र नेपालको प्राथमिक विद्यालय सुरु हुने औषत उमेर ५ वर्षलाई आधार मान्दा, विद्यालय बाहिर रहेका भन्नाले ५ देखि २४ वर्ष उमेर समूहका युवा तथा बालबालिकाहरूलाई जनाउँदछ जो या त उमेर धेरै भएका कारणले प्राथमिक तथा माध्यमिक कक्षामा भर्ना भएनन् या आफ्नो माध्यमिक शिक्षा पुरा नगरी विद्यालय छाडेकाहरू हुन् ।

मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे (MICS), २०१४ को तथ्याङ्कले नेपालमा १५.७४% युवा तथा बालबालिकाहरू प्राथमिक तथा माध्यमिक विद्यालय तहबाट बाहिर रहेको देखाउँछ। प्राथमिक विद्यालयमा भर्ना भएकाहरूमध्ये ८६.८% बालबालिकाहरू मात्र कक्षा ५ सम्म पुग्छन् र ७४.६% मात्र कक्षा ८ सम्म पुगेको तथ्याङ्कले देखाउँछ । त्यसै गरी अर्को तथ्याङ्कले नेपालको कुल जनसंख्याको २४.१९% किशोरकिशोरीहरू मध्ये १९% या त विद्यालयमा भर्ना नै भएका छैनन् या त प्रत्येक वर्ष विद्यालय छाडिरहेका छन् ।

*प्राथमिक विद्यालयमा भर्ना भएकाहरूमध्ये ८६.८% बालबालिकाहरू मात्र कक्षा ५ सम्म पुग्छन् र ७४.६% मात्र कक्षा ८ सम्म पुगेको तथ्यात्तले देखाउँदछ ।*




चित्र नं. १ : लिंगका आधारमा विद्यालय बाहिर रहेका बालकालिकाहरू (प्राथमिक तथा माध्यमिक विद्यालय जाने उमेर समूहका) ।
स्रोत: MICS, २०१४

UNESCO का आधारमा आधारभुत विद्यालय शिक्षाका ३ प्रकारका अवरोधहरू छन्: १) व्यवहारिक, २) आर्थिक र ३) सामाजिक ।

व्यवहारिक अवरोध भन्नाले सबैभन्दा नजिकको विद्यालयको दुरी र विद्यालयको भौतिक संरचना, आर्थिक अवरोध भन्नाले शिक्षा शुल्क र बालबालिकाहरूले परिवारमा दिनुपर्ने आर्थिक योगदान पर्दछन् र सामाजिक अवरोध भन्नाले विभेद र बालविवाह पर्दछन् । नेपालको सन्दर्भमा गरिवी, जतियतासँग जोडिएको सामाजिक बहिष्कार, अपाङ्गता, बसाइँसराई, बालश्रम, मानव बेचविखन, सामाजिक मान्यता तथा लैंगिक विभेद, विद्यालयको भौतिक संरचना, भाषा, आपतकालिन अवस्था तथा नागरिक आन्दोलन, शासन व्यवस्था, र वित्तिय अड्चनहरूलाई विद्यालय शिक्षाका अवरोधका रूपमा पहिचान गरिएको छ । यी सबै लगायत, नेपाल जीवनस्तर सर्वेक्षण २०११ नेपालको ४१.८% जनसंख्या गरिवीको रेखा मुनी रहेको देखाएको छ तसर्थ गरिवीलाई विद्यालय शिक्षाको प्रमुख अवरोधका रूपमा पहिचान गरिएको छ ।




# विद्यालय बाहिर रहेका युवा तथा बालबालिकाहरूका पार्श्वचित्र र बृहत यौनिकता शिक्षाको सीमा?

विद्यालय बाहिर रहेका युवा तथा बालबालिकाहरू सजातिय समूहबाट मात्र नभई फरक–फरक सामाजिक, आर्थिक तथा राजनैतिक पृष्ठभूमीलाई प्रतिनिधित्व गर्ने हुन्छन् जसका आ–आफ्नै विशिष्ट शारीरिक तथा मानसिक अनुभवहरू भएका हुन सक्छन् । उनीहरूको अवस्था जे–जस्तो भए पनि त्यसले उनीहरूलाई बञ्चित गराउन सक्छ । उनीहरूको विद्यालय अनुपस्थिति र यौनिकता शिक्षा प्राप्त गर्नबाट रोक्नाले उनीहरूलाई कमजोर स्वास्थ्य, हिंसा र अन्यायको जोखिममा पर्न थप बल पुर्याएको देखिन्छ । समिक्षाको यस भागले नेपालका विद्यालय बाहिर रहेका युवा तथा बालबालिकाहरूको बृहत यौनिकता शिक्षाको सीमा र आवश्यकतालाई खोतल्ने प्रयास गर्नेछ ।

# कम उमेरमा विवाहित बेहुला र बेहुली

नेपाल सरकारले महिला र पुरुषका लागी विवाह गर्ने कानुनी उमेर २० वर्ष तोकेको छ र सोभन्दा कम उमेरमा विवाह गर्ने जो कोही कानुनी रूपमा सजायको भागिदार हुनेछन् । त्यति हुँदाहुँदै पनि विभिन्न कारणवश किशोरकिशोरीहरू आफू परिपक्व नहुँदै विवाह गरिरहेका छन् । नेपालमा बालविवाहलाई विद्यार्थीहरूले विद्यालय छाड्ने कारण र असर दुबैका रूपमा पहिचान गरिएको छ । नेपाल जीवनस्तर सर्वेक्षण २०११ को तथ्याङ्कका अनुसार नेपालमा १० देखि १६ वर्ष उमेर समूहका बालबालिकाहरूले विद्यालय छाड्ने मुख्य १० वटा कारणहरूमध्ये बालविवाह सबैभन्दा प्रमुख कारक तत्त्वका रूपमा रहेको पुष्टि गरेको छ । नेपाल सरकार शिक्षा मन्त्रालय र युएनएफपिएले संयुक्त रूपमा प्रकाशित गरेको फ्याक्ट सिटका अनुसार २० देखि २४ उमेर समूहका महिलाहरूमध्ये ४०.७०% ले १८ वर्ष नपुग्दै विवाह गरिसकेको पाईएको छ । विद्यालय छाड्ने कुल किशोरीहरूमध्ये ३८% ले बालविवाहका कारणले गर्दा विद्यालय छाडेको पाईएको छ ।

बालविवाह र यौनिकता शिक्षाको अभाव एकअर्कासँग जोडिएका समस्याहरू हुन् र दुबैका कारणले गर्दा किशोरावस्थाको गर्भ, यौन प्रशारित संक्रमणहरू, कमजोर यौन तथा प्रजनन स्वास्थ्य, कम सचेतना, सेवा र अधिकारहरूमा कम पहुँच, लैंगिक विभेद र हिंसा जस्ता असरहरू हुन्छन् । तथ्यले प्रमाणित गरे अनुसार प्रत्येक ६ मध्ये १ महिलालेशारीरिक हिंसाको सामना गर्नु परेको छ र हेरक ३ जनामध्ये १ महिलाले आफ्नो पतिसँग जर्बजस्ती शारिरीक सम्बन्ध राख्नु परेको छ । बालविवाह, कम उमेरमा हुने विवाह र बलजफ्ती गराईएको बिवाहमा पति र पत्नी बिचमा शक्ति असन्तुलन हुने कारणले किशोरीहरूलाई थप जोखिममा धकेलिरहेको छ ।

युवा तथा बालबालिकाहरूमा आत्मबल विकास गरी उनीहरूलाई निर्धक्कसँग आफ्नो संस्थागत अधिकारहरू प्रयोग गर्दै समाजमा भएका अन्याय र अत्याचार पहिचान गरी शक्ति संतुलनका बारेमा खुलेर कुराकानी गर्न सक्ने बनाएमा बालविवाहका कारणले उत्पन्न हुने हिंसा तथा अन्य नकारात्मक असरहरू र बालविवाहलाई पनि कम गर्न सकिन्छ । तर हरेक बालबालिकाहरूलाई औपचारिक वाअनौपचारिक विधिबाट यौनिकता शिक्षाको पहुँच सुनिश्चित गरिएमा मात्र यो सम्भव हुनेछ ।



# अपाङ्गता भएका युवा तथा बालबालिकाहरू

विश्वभर बालबालिकाहरू विद्यालय बाहिर रहने प्रमुख कारणहरूमध्ये अपाङ्गता पनि पर्दछ । नेपालको जनगणना २०११ को तथ्याङ्क अनुसार नेपालमा कुल जनसंख्याको १.९% र कुल आधारभूत तहमा अध्ययन गर्ने उमेरका बालबालिकाहरूमध्ये १.१% मा कुनै न कुनै प्रकारको अपाङ्गता भएको पाईएको छ । विशेष आवश्यकता भएका कुल बालबालिकाहरूमध्ये ३०.६% बालबालिकाहरू वर्तमान औपचारिक विद्यालय शिक्षामा सामेल भएका छैनन् जबकी बहुअपाङ्गता भएका बालबालिकाहरू विद्यालय बाहिर रहने सम्भावना धेरै हुन्छ । हाम्रो जस्तो समाजमा जहाँ यौनलाई प्रतिवन्धित विषयका रूपमा लिईन्छ त्यहाँ अपाङ्गता भएका व्यक्तिहरूले यौन अधिकार प्राप्त गर्ने कुरामा थप चुनौतिको सामना गर्नु पर्ने हुन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई हाम्रो समाजमा अलैंगिक वा यौन अपवादका रूपमा लिईन्छ र उनीहरूलाई यौनिकता शिक्षा प्रदान गर्नु अनावश्यक र हानिकारक छ भन्ने मानिन्छ । युनेस्कोको एक प्रतिवेदनमा रोउलेड र स्वाट्जले उल्लेख गरे अनुसार अपाङ्गता भएका युवाहरूका लागि विद्यमान शिक्षाले उनीहरूको यौनलाई खतरनाक मान्दछ र अपाङ्गता भएका व्यक्तिहरूको यौनिकतालाई समस्या मान्ने विगतको अवधारणालाई प्रतिविम्बित गर्दछ । अपाङ्गता भएका व्यक्तिहरूमा पनि अझ सिकाई सम्बन्धी अपाङ्गता भएकाहरूलाई यौनिकता शिक्षाको आवश्यकता हुँदैन भन्ने गलत बुझाई रहेको छ । यथार्थमा उनीहरू पनि अन्य व्यक्ति सरह नै भावना र चाहनाले भरिएका हुन्छन् यद्यपी उनीहरू नै अरुभन्दा बढी जोखिममा हुन्छन् । ह्युग्स र उनको समूहले सुझाए अनुसार अपाङ्गता भएका व्यक्तिहरू असमान रूपमा अन्य व्यक्तिहरूभन्दा बढी यौन हिंसाबाट प्रभावित भएका छन् र संभवतः उनीहरू नै HIV संक्रमणको जोखिममा रहन्छन् । त्यसै गरी सिकाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू अन्य व्यक्तिहरूभन्दा तिन गुणा ज्यादा यौन

दुर्व्यवहारको सिकार हुने सम्भावना रहेको देखिन्छ । अपाङ्गता भएका युवा तथा किशोरकिशोरीहरूले रजस्वलाको समयमा स्यानिटेरी प्याड परिवर्तन गर्ने समस्यादेखि लिएर हिँडडुलमा प्रतिवन्ध र स्रोत र अवसरहरूमा पनि सहज पहुँच नहुने जस्ता समस्याहरू दैनिक जीवनमा सामना गर्नु परेको छ । प्रायजसो मानसिक अपाङ्गता भएका कैयौं युवतीहरूका रजस्वला सुरु भएपछि गर्भाशय निकाल्ने गरिन्छ र उनीहरूलाई आवश्यक मेडिकल परीक्षण नगरी धेरै प्रकारका औषधि सेवन गराएर राखिन्छ सायद यही कारणले गर्दा उनीहरूको शरीर अत्याधिक मोटो हुन जान्छ । किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सम्बन्धी नेपालमा गरिएको एक अध्ययन अनुसार अपाङ्गता भएका व्यक्तिहरू जो अन्य अपाङ्गता नभएका व्यक्तिहरूसँग बस्छन्, उक्त सेवा उनीहरूका लागि पनि हो भन्ने कुरामा सचेत छैनन् ।

त्यसैले मानसिक, शारीरिक तथा संवेगात्मक अपाङ्गता भएका किशोरकिशोरीहरू पनि अरु सरह यौनिक प्राणी हुन् र उनीहरूका पनि आफ्नो यौनिकतालाई स्वास्थ्यमा प्राप्त हुन सक्ने उच्चतम गुणस्तरियताको अनुभूति गर्ने, दवाव र हिंसा रहित, आनन्दमय र सुरक्षित यौन अनुभव गर्ने, र गुणस्तरीय यौनिकता शिक्षा र यौन तथा प्रजनन स्वास्थ्य सेवा प्राप्तगर्ने अधिकार रहेको छ भनी पहिचान गरिनु जरुरी छ ।



# बाल श्रमिकहरू

सन् २०१४ को वार्षिक परिवार सर्वेक्षणको तथ्याङ्कले ५ देखि ९ वर्ष उमेर समूहका ८.३% बालबालिकाहरू र १० देखि १४ उमेर समूहका ३८% बालबालिकाहरू बालश्रममा संलग्न रहेको दर्शाउँछ । नेपालका अधिकांश बालश्रमिकहरू कृषि क्षेत्रमा संलग्न रहेका छन् र नेपालको यस्तो एउटा अदृष्य अनौपचारिक क्षेत्र छ जसको आय सुचीकृत छैन र त्यस्तो आय बालबालिकाहरूलाई बधुवा मजदुरका रूपमा प्रयोग गरेर, बाल यौन श्रमिकका रूपमा वा घरेलु कामदारका रूपमा प्रयोग गरेर र विदेशमा बालबालिकाहरू बिक्रि गरेर हुने गरेको मानिन्छ ।

विद्यालय बाहिर रहेका युवा तथा बालबालिकाहरू जो औपचारिक वा अनौपचारिक अर्थ क्षेत्रका लागि श्रम गरिरहेका छन् तिनीहरू नै विभिन्न प्रकारका हिंसाको उच्च जोखिममा रहेका छन् र जो यौनकर्मीका रूपमा कार्यरत छन् तिनीहरूको अवस्था झनै चिन्ताजनक रहेको छ । नेपालको कानुनले यौन व्यवसायलाई न त कानुनी मान्यता दिएको छ न त गैरकानुनी ठहर्याएको छ तर यस पेसासँग सम्बन्धीत लाज र लाञ्छना सामाजिक रूपमा व्यापक रहेको छ । नेपालमा ४३,८२९ देखि ५४,१९७ सम्म महिला यौनकर्मी र १५,९४१ देखि २०,६२५ सम्म पुरुष यौनकर्मीहरू रहेको अनुमान गरिन्छ, र महिला यौनकर्मीहरूमध्ये झण्डै ३००० कम उमेरका बालिकाहरूरहेका छन् । यीमध्ये कतिपयलाई जबरजस्ती यौन श्रममा लगाईएको छ भने केहीलाई बेचबिखनमार्फत र केहि आफ्नै आर्थिक अवस्थाका कारणले, केहि परिबन्धमा परेर र केहि आफ्नै इच्छाले यो पेसामा संलग्न भएका छन् । यौन पेसामा संलग्न हुनुको कारण जे सुकै भए पनि ती युवा तथा बालबालिकाहरू यौन प्रशारित संक्रमणको उच्च जोखिममा रहेको समूह हो ।

नेपालमा यौन व्यवसाय फस्टाउँदो छ तर यसले कानुनी मान्यता पाएको छैन जसको कारणले यो लुकिछिपी हुने गरेको पाईन्छ । जसले गर्दा यो पेसामा हिंसाका घटनाहरू पनि बढीरहेका छन् ।

**'यौनकर्मीमाथि भएको बलात्कारलाई बलात्कार मानिँदैन किनकी कहिँ कतै नभनिएको र नलेखिएको व्यख्याले उनीहरूलाई बाञ्छित पीडित मान्दछ तर उनीहरू पनि न्यायको हकदार चाहिँ हुन्छन् ।'– अज्ञात**

बलात्कार भन्ने कुरा यौनकर्मी माथि लागू भएको पाईंदैन र उनीहरूलाई तिनका दलाल र प्रहरीले नियमित रूपमा बलात्कार गरिरहेका हुन्छन् । यौन प्रसारित संक्रमण र हिंसाका अलावा यौनकर्मीहरू अनिच्छुक गर्भधारण, शरीर बिग्रने, लागू औषध प्रयोग, मानसिक र अन्य स्वास्थ्य सम्बन्धी समस्याको जोखिमबाट गुज्रिरहेका हुन्छन् र यी लगायत अन्य धेरै पहिचान हुन नसकेका जटिलताका कारणले गर्दा यस पेसामा संलग्न युवा तथा बालबालिकाहरूलाई यौनिकता शिक्षा र सचेतनाको जरुरत हुन्छ ।

**४३,८२९ देखि ५४,१९७ सम्म महिला यौनकर्मी र १५,९४१ देखि २०,६२५ सम्म पुरुष यौनकर्मीहरु रहेको अनुमान गरिन्छ ।**

## एचआईभी र एड्स भएका युवाहरू

नेपालको एचआईभी र एड्स सुई साटासाट गरी लागू औषध प्रयोग गर्नेहरू, समलिंगी पुरुषहरू, ट्रान्सजेण्डरहरू, महिला र पुरुष यौनकर्मीहरू, प्रवासी पुरुष कामदार र उनीहरूका श्रीमतीहरू जस्ता समूहहरूमा केन्द्रित रहेको पाईन्छ (स्वास्थ्य मन्त्रालय, सन् २०१६) । नेपालमा सन् २०१६ मा अनुमानित कुल ३३,८५५ व्यक्तिहरू एचआईभीबाट संक्रमित थिए । जसमध्ये ४ प्रतिशत ० देखि १४ वर्ष उमेर समूहका र ०.०३ प्रतिशत १५ देखि २४ वर्ष उमेर समूहका व्यक्तिहरू रहेका थिए ।

अत्यन्तै जोखिममा रहेका विद्यालय बाहिरका र विद्यालय छाड्ने अवस्थाका युवाहरू र उनीहरूको सम्पर्कमा आउँने जो कोहिमा एचआईभी सम्बन्धीजोखिम कम गर्न र सम्भावित क्षति न्यूनिकरण गर्न उनीहरूलाई विशेष ज्ञान, नयाँ जैविक चिकित्सकिय निरोधका उपायहरू, एचआईभी र लैंगिक हिंसा बिचको अन्तरसम्बन्ध र यौनिकता शिक्षाका अन्य आयामहरूको बारेमा ज्ञान दिन आवश्यक छ ।

## महिला समलिंगी (लेस्वियन), पुरुष समलिंगी (गे), द्विलिंगी (बाईसेक्सुअल), पारलिंगी (ट्रान्सजेण्डर) र अर्न्तलिंगी (ईन्टरसेक्स): LGBTI

नेपालमा समलैंगिक यौन सम्बन्ध कानुनी अपराध नभए पनि समाजको एउटा ठूलै हिस्सा जसले पितृसत्ता र महिला पुरुषको सम्बन्धको मान्यतामा मात्र विश्वास राख्दछ त्यसले गर्दा समाजमा समलिंगीहरू आफुलाई अरुभन्दा अलग महसुस गर्छन् र विभिन्न अवस्थामा बञ्चित भएका छन् । यो विभेद समाजिक संरचनाहरूमा मात्र सीमित नभई परिवार लगायत विद्यालय, सञ्चारमाध्यम, पेसा व्यवसाय, विवाह र अन्य सम्बन्धहरूमा जहाँसुकै ब्याप्त छ ।

युनेस्कोका अनुसार विद्यालयमा भर्ना भएका एलजिबिटिआई युवाहरू विशेष गरी हिंसा र विभेदवाट प्रताडित छन् र विद्यालयमा उनीहरू होमोफोविया र ट्रान्स्फोविया व्यवहार (तेस्रोलिंगी व्यक्तिहरूलाई गरिने विभेद/पूर्वाग्रह) का कारणले गर्दा सिक्न पढ्न सकिरहेकाछैनन् जसले गर्दा उनीहरूमाथि हुने भयानक र अमानविय हिंसाको अधार तयार पारेको छ । नेपालमा उल्लेख्य संख्यामा LGBTI व्यक्तिहरूले विद्यालयका शिक्षक, कर्मचारी र सहपाठीबाट हुने टिकाटिप्पणी, दुव्र्यव्हार र उत्पीडन जस्ता मुख्य कारणले गर्दा विद्यालय छाड्न बाध्य हुन्छन् । त्यसैले LGBTI युवाहरूले लघुताभाष, शारीरिक बनावटप्रतिको टिप्पणी, हिंसा, प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरू लगायत अन्य विभिन्न प्रकारका मनोसामाजिक तथा शारीरिक समस्याहरूको सामना गर्नुपर्छ । यस समुदाय भित्रका केही समूहहरू एचआईभी संक्रमणको उच्च जोखिममा पनि रहेको मुख्य जनसंख्या हो । तसर्थ माथि उल्लेखित तथ्यहरूले यी संवेदनशिल समूह र समाजको ठूलै हिस्सालाई तेस्रोलिंगी व्यक्तिहरू प्रतिको मनोवृत्ति र अवधारणमा परिवर्तन गराउन बृहत यौनिकता शिक्षाको पहुँच पुर्याईनु जरुरी रहेकोतर्फ इंगित गर्छन् ।

*नेपलमा लगभग ५००० देखि ६००० का हाराहरीमा सडक बालबालिकाहरू रहेको अनुमान गरिन्छ ।*



# सडक बालबालिका

नेपालमा लगभग ५,००० देखि ६,००० को हाराहारीमा सडक बालबालिकाहरू रहेको अनुमान गरिन्छ तर त्यस्को आधिकारिक तथ्याङ्क भने उपलब्ध छैन किनकी उनीहरूलाई कुनै पनि पारिवारिक सर्वेक्षण वा जनगणनाले समेटेको पाईंदैन। यी बालबालिकाहरू चरम गरिवी र कठोर अवस्थामा बाँचिरहेकाहरूमध्ये पर्दछन् जसले धेरै मानव अधिकार हनन्को सामना गरिरहेका हुन्छन्। युनिसेफले दुई वर्गका सडक बालबालिकाहरूको अन्तरपहिल्याएको छः

१) सडकमा रहेका बालबालिका, जो सडकमा रहेर विभिन्न आर्थिक गतिविधि गर्छन् जस्तैः भीख माग्ने, मालसामानबेच्ने र दिनको अन्त्यमाआ–आफ्ना घर गई आफूले कमाएको कुरा परिवारका सदस्यसँग बाँड्दछन् र सायद विद्यालय पनि जान्छन्,

२) सडकका बालबालिका, जो आफ्नो पारिवारिक वातावरणभन्दा बाहिर हुन्छन् र सडकमै बस्छन्।

आधारभूत मानव अधिकारबाट बञ्चित हुनुका अलावा सडक बालबालिकाहरू परिवार नियोजनको सूचना तथा सेवामा पहुँच नहुनेदेखि लिएर कमजोर प्रजनन स्वास्थ्य, यौन शोषण, कम उमेरमा गर्भधारण गर्ने, हिंसामा पर्ने र अन्य धेरै प्रकारका यौन तथा प्रजनन स्वास्थ्य र अधिकार हनन् जस्ता जोखिममा रहेका छन्। यी पहुँचभन्दा बाहिर रहेका युवा तथा बालबालिकाहरूमा ज्ञान र सीप अभिवृद्धि गर्न, उनीहरूलाई परिवार र समाजमा पुनस्थापित गर्न र उनीहरू माथि हुने सम्भावित जोखिम न्युनिकरण गर्न सरकार र नागरिक समाजले उचित रणनीतिक योजना ल्याउन आवश्यक छ।

# नेपालमा विद्यालय बाहिरको बृहत यौनिकता शिक्षाको अवस्था

जब किशोरकिशोरीहरूको उल्लेख्य जनसंख्या विद्यालय गईरहेको हुँदैन तब सामुदायिक सिकाई केन्द्र, खेलकुद क्लबहरू, स्काउट क्लबहरू, गैरसरकारी संस्थाहरू, व्यावसायिक सेवा केन्द्रहरू, स्वास्थ्य संस्थाहरू, अनलाईन मञ्चहरू र अन्य यस्ता धेरै अनौपचारिक क्षेत्रहरूले शिक्षाका लागि आवस्यक भूमिका निर्वाह गर्दछन् (IPPF, सन् २०१६) ।

नेपालमा विद्यालय बाहिर रहेका युवा तथा बालबालिकाहरूको बृहत यौनिकता शिक्षा मध्यम स्तरमा रहेको छ, जसको तात्पर्य यो शिक्षा हुँदै नभएको होइन तर यो विभाजित छ । यो शिक्षा पहुँच र ज्ञानको सन्दर्भमा सीमित छ र यसलाई अन्य विभिन्न कार्यक्रमहरूमा केही एकल विषयवस्तुहरूसँग अप्रत्यक्ष रूपमा लागू गरिएको छ ।

नयाँ संघीय प्रणालीमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्रदेश शिक्षा विकास निर्देशनालयले संघीय र प्रादेशिक तहमा अनौपचारिक शिक्षाका कार्यक्रमहरूको समन्वय, सहजिकरण र सहयोग गरिरहेका छन् जुन पहिलेका ३ वटा फरक फरक कार्यकारी निकायहरू राष्ट्रिय शिक्षा विकास केन्द्र (NCED), शिक्षा विभाग र आनौपचारिक शिक्षा केन्द्र (NCES) ले एक हुनुभन्दा पहिले गरिरहेका थिए ।

हाल नेपालमा स्थानीय तह अन्त्रगत संचालित २,०००भन्दा बढी संख्यामा रहेका सामुदायिक सिकाई केन्द्रमार्फत अनौपचारिक शिक्षाका कार्यक्रमहरू लागू गरिएका छन् । त्यसबाहेक सामुदायिक सिकाई केन्द्रहरूले लचिलो विद्यालय कार्यक्रम पनि लागू गरेका छन् जसले प्राथमिक तह अध्यन गर्दागर्दै विद्यालय छाडेका ८ देखि १४ वर्ष उमेर समूहका बालबालिकाहरूलाई कक्षा ६ को औपचारिक शिक्षामा भर्ना हुन प्रेरित गर्दछ । यो औपचारिक शिक्षा पाठ्यक्रमको संक्षिप्त संस्करण हो जसले बृहत यौनिकता शिक्षाको सबै अंशलाई समेट्दैन तर कक्षा ३ को पाठ्क्रमलाई एचआईभी र एड्समा मात्र सीमित गरिएको छ जुन अपाङ्गता भएका बालबालिकाहरूका लागि सुहाउँदो छैन । राष्ट्रिय साक्षरता दर वृद्धि गर्ने हेतुले लागू गरिएको अर्को कार्यक्रम प्रौढ शिक्षा कार्यक्रम हो जुन १५ वर्षभन्दा माथिका विद्यालय बाहिर रहेका व्यक्तिहरू प्रति लक्षित छ । सामुदायिक सिकाई केन्द्रका मुख्य गतिविधिहरूमा साक्षरता कक्षा सञ्चालन र आयमूलक सीप प्रदान गर्ने भएता पनि यो समुदायको आवश्यकता र अनुकूलता अनुसार फरक पर्न सक्छ । हरेक सामुदायिक सिकाई केन्द्रले आफ्नो क्षमता अनुसार घरेलु हिंसा, बालविवाह, यौन दुर्व्यवहार, स्वास्थ्य सचेतना जस्ता विविध सवालहरूमा स्थानीय संघ संस्थाहरूको सहकार्यमा आमा समूह र युवा तथा बालक्लबका सदस्यहरूलाई अभिमुखिकरण र तालिमहरू पनि प्रदान गर्दछन् । तर सबै सामुदायिक सिकाई केन्द्रहरूको पहुँच रतत्परतालाई विश्वास गरिहाल्ने वातावरण छैन ।

नेपालमा विद्यालय बाहिर रहेका युवा तथा बालबालिकाहरूलाई यौनिकता सम्बन्धी ज्ञान र शिक्षा विभिन्न अनौपचारिक सञ्जाल र सँगठनहरूले पनि प्रदान गरिरहेका छन् जो बालविवाह, एचआईभी, बाल अधिकार, लैंगिक अधिकार, स्वास्थ्य लगायतका अन्य धेरै सवालहरूमा कृयाशिल छन् । उदाहरणका लागि, UNFPA र महिला तथा बालबालिका विभागको सहकार्यमा नेपालका १९ जिल्लाका किशोरीहरूलाई ९ महिनाको लागि साताको १ दिन 'रूपान्तरण' नामक समाजिक र आर्थिक सीप प्याकेज (SFSP) प्रदान गरिएको छ । यस्ताकार्यक्रमहरू विद्यालय बाहिर रहेकाकिशोरकिशोरीहरूलाई बृहत यौनिकता शिक्षा प्रदान गर्ने उद्देश्यले तयार पारिएका हुँदैनन् तथापि यौनिकता शिक्षाका केहि विषयवस्तुहरू भएमा अन्य आधारभूत उद्देश्यमा समावेश गरेर प्याकेजका रूपमा तयार पारिएका हुन्छन् यी कार्यक्रमहरूले विद्यालय

बाहिररहेका सबै जिल्लाका सबै युवा तथा किशोरकिशोरीहरूलाई समेट्दैनन् र उनीहरूको शिक्षा तथा सूचनाको पहुँचको सुनिश्चिततालाई सम्वोधन गर्दैनन् ।

यस लगायत नेपाल सरकारले सन् २०१० देखि किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा पनि सञ्चालन गरिरहेको छ । यी सेवा केन्द्रहरू किशोरकिशोरीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको भएता पनि, तिनीहरू यौनिकता शिक्षा र परमर्श प्राप्त हुने मुख्य स्रोत केन्द्रहरू हुन् ।

किशोरकिशोरीमैत्री सेवा प्रदायकका रूपमा सुचिकृत गरिएका काठमाण्डौंका १३ वटा स्वास्थ्य केन्द्रहरू माथि २०७०/७१ मा गरिएको एक सर्वेक्षणले ती सेवा केन्द्रहरूको कार्यक्षमतामा नै प्रश्न उठाएको छ । उक्त सर्वेक्षणले ४ वटा किशोरकिशोरीमैत्री सेवा केन्द्रहरू मात्र सञ्चालनमा रहेको पाइयो तर तिनीहरूले पनि प्रवाह गर्ने सेवाको गुणस्तर नेपाल सरकारले तोकेको सेवा र कार्यविधिको मापदण्ड अनुरूप नभएको निष्कर्श निकालेको छ ।

परम्परागत विधिवाट सूचना प्रवाह गर्ने तरिकाहरूभन्दा बाहेक युवा तथा किशोरकिशोरीहरूसम्म यौनिकता शिक्षाको पहुँच बढाउन नयाँ उपायहरू पनि अवलम्बन गरिंदैछ । नेपालमा 'यौनिक अनलाईन' नामक एक अनलाईन पोर्टल, www.yaunik.com ले किशोरकिशोरीहरू माझ यौनिकता सम्बन्धी सूचना पुर्याउन सहजिकरण गरिरहेको छ । त्यसैगरी हेल्थ कम्युनिकेसन क्यापासिटि कोल्याबोरेटिभ (ज्ञ्ऋघ) अभियानले १५ देखि २४ वर्ष उमेर समूहका युवा तथा किशोरकिशोरीहरू, कुनै पनि उमेरका वयस्कहरू, शिक्षक तथा अभिभावकहरूलाई यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे सही र स्पष्ट सूचना प्रदान गर्न 'मेरो लागि' नामको मोबाईल एप्लिकेसन विकास गरेको छ । राष्ट्रिय स्वास्थ शिक्षा सूचना तथा सञ्चार केन्द्रले अन्य संघ–संस्थाहरूसँगको सहकार्यमा नेपालका युवा तथा किशोरकिशोरीहरूलाई सशक्तिकरण गर्न, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार प्रवर्धन र उनीहरूलाई आफ्नो स्वास्थ्यका बारेमा सही सूचना प्रदान गरी स्वस्थ जीवनशैली अपनाउनका लागि सहयोग गर्ने उद्देश्य राखी २३ सेप्टेम्बर २०१७ मा 'खुल्दुली' नाम गरेको मोबाईल एप्लिकेशन सञ्चालनमा ल्याएको छ । अन्य संघ–संस्थाहरू जस्तै मेरी स्टोप्सले पनि युवा तथा किशोरकिशोरीहरूलाई यौन तथा प्रजनन स्वास्थ्यको सूचना दिन एमहेल्थ (मोबाईल हेल्थ) नामको एप्लिकेशन प्रयोगमा ल्याएका छन् ।

निष्कर्षमा, विद्यालय बाहिर रहेका युवा तथा किशोरकिशोरीहरूका लागि यौनिकता शिक्षा विभिन्न कार्यक्रमहरूमा समेटिएको भए तापनि यो बृहत छैन, छरपस्ट छ र मुख्य गरी यसले विद्यालय बाहिररहेका सबैलाई समेटेको पाईंदैन ।





# अबको निकास

१. विद्यालय बाहिर रहेका जनसंख्यासम्म यौनिकता शिक्षाको पहुँच पुर्याउन सामुदायिक सिकाई केन्द्रहरू उत्तम विकल्प हुन सक्छन् । किनकी यी देशका सबै वडाहरूमा रही स्थानिय समुदायसँग नजिक रहेर काम गरिरहेकाले यिनीहरूको पहुँच व्यापक हुन्छ । यदि प्रभावकारी ढंगमा यस्ता केन्द्रहरूलाई परिचालन गर्न सकेमा देशका सबै बालबालिका, युवा तथा किशोरकिशोरीहरूमाझ यौनिकता शिक्षाको अधिकारको पहुँच सुनिश्चित गर्न सकिन्छ ।

२. बृहत यौनिकता शिक्षा अधिकारमा आधारित हुनुपर्छ । त्यसैले यसलाई समग्र रूपमा नै प्रदान गरिनु पर्दछ ।

३. प्रविधिले विकास गरेका सूचना प्रवाहका नयाँ माध्यमहरूका बढ्दो सम्भावनालाई भरपुर सदुपयोग गरिनुपर्छ । युवा तथा किशोरकिशोरीहरू माझ यौनिकता शिक्षा लिएर पुग्न सामुदायिक रेडियो, टेलिभिजन कार्यक्रम र अन्य परम्परागत सञ्चारमाध्यमहरू लगायत इन्टरनेट तथा समाजिक सञ्जाल, मोबाईल एप्लिकेसन र आईसिटीले प्रमुख भूमिका निर्वाह गर्न सक्दछन् ।

४. विद्यालयको बृहत यौनिकता शिक्षा सम्बन्धी असंख्य खोज, अध्ययन र अनुसन्धानहरू भएको पाईए तापनि विद्यालय बाहिर रहेकाहरूको बृहत यौनिकता शिक्षा सम्बन्धी थोरै मात्र तथ्यहरू उपलब्ध छन् । त्यसैले यस सवालमा तथ्यहरू सङ्कलन गरेर पैरवीलाई सशक्त बनाउन देशव्यापी बृहत अध्ययन गरिनु जरुरी छ ।

५. विद्यालय बाहिर रहेकाहरूको बृहत यौनिकता शिक्षाका लागि सरकारी र गैरसरकारी सरोकारवालाहरूले यस सवालमा ठूलो लगानी गर्नुपर्ने देखिन्छ ।

सरकारले अनौपचारिक शिक्षा क्षेत्रका लागि बजेट बढाउने योजना ल्याउनु पर्छ र बृहत यौनिकता शिक्षालाई त्यस पाठ्यक्रममा समावेश गर्नुपर्छ । त्यसैगरी धेरै संघ–संस्थाहरू जो बालबालिका, युवा तथा किशोरकिशोरीहरूको विविध समूहहरूसँग कार्य गरिरहेका छन् । उनीहरूले पनि आफ्ना कार्यक्रमहरूमा बृहत यौनिकता शिक्षालाई समावेश गर्नुपर्दछ र सबै प्रदेश र सबै जिल्लाका सम्पूर्ण युवा तथा किशोरकिशोरीहरूलाई समेट्न र कार्यक्रमहरू एकै ठाउँमा एकै व्यक्ति समूहमा दोहोरिन नदिनका लागि सोही सवालमा कार्य गरिरहेका अन्य संघ–संस्थाहरू र सरकारी निकायहरूसँग समन्वय गर्नुपर्दछ ।

६. सरकारले उमेर उपयुक्त र अधिकारमुखी बृहत यौनिकता शिक्षाको पाठ्यक्रम तयार गर्दा युवा तथा किशोरकिशोरी, नागरिक समाज, बृहत यौन शिक्षा र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा कार्यरत सामाजिक संस्था, बाल मनोवैज्ञानिक, अभिभावक, शिक्षकहरू र अन्य सरोकारवालाहरूसँग नियमित परामर्श गरेर मात्र तयार गर्नु पर्दछ ।

७. पाठ्यक्रममा यौनिकतालाई मानव जीवन, लैंगिकता र विविधताको अधारभूत पक्ष मानेर समेटिनु पर्दछ । बृहत यौनिकता शिक्षालाई जीवनोपयोगी सीपको आधारमा विकास गरिनु पर्दछ, जसले विद्यार्थीहरूको सैद्धान्तिक ज्ञानलाई अभ्यासमा

रूपान्तरण गरी सुरक्षित यौन तथा प्रजनन जीवनका लागि व्यवहारमा परिवर्तन ल्याउन सक्ने किसिमको हुनुपर्दछ ।

८. बृहत यौनिकता शिक्षालाई राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकास रणनीतिको रणनैतिक परिवर्तकका रूपमा उल्लेख गरिनु पर्दछ । नेपालको शिक्षा नीतिले बृहत यौनिकता शिक्षालाई योजना र कार्यक्रमसहित उल्लेख गर्नुपर्दछ ।

९. शिक्षकहरूलाई तालिम दिने, आवधिक अनुगमन गर्ने र उनीहरूलाई बृहत यौन शिक्षा र अन्य त्यस्तै आवस्यक सवाल सम्बन्धी स्रोतहरू उपलब्ध गराउनुपर्दछ ।

१०. पाठ्यक्रम विकास केन्द्रले बृहत यौनिकता शिक्षा अनुगमनको संयन्त्र विकास गरेर प्रभावकारी र गुणस्तरीय यौन शिक्षा प्रवाहको अनुगमन र सुपरिवेक्षण गर्नुपर्दछ ।

११. अपाङ्गता भएका विद्यार्थीहरूका लागी बृहत यौनिकता शिक्षाको पाठ्यक्रम, स्थानिय स्तरमा पाठ्य पुस्तक छाप्न सकिने गरी ब्रेल प्रिन्टरको ब्यवस्था गर्नुपर्दछ । बहिरा तथा बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरूलाई पठनपाठनमा आकर्षित गर्न शैक्षिक एवं सिकाईका सामग्री सहितको पाठ्यक्रम तयार पारिनु पर्दछ । विषेश शिक्षा पठनपाठन गराउने शिक्षकको संख्या वृद्धि गरी नियमित तालिम दिनुपर्दछ ।

१२. हरेक कक्षामा सम्बन्धीत जिल्लाका स्वास्थ्य केन्द्र, युवामैत्री केन्द्र, नेपाल प्रहरी, स्थानीय तहको ठेगाना, फोन नं. सहित अन्य विवरण खुल्ने पोस्टर राखिनुपर्दछ ।

१३. आधारभुत तहसम्म बृहत यौनिकता शिक्षाको पाठ्यक्रम स्थानिय भाषामा लागू गरिनु पर्दछ ।

१४. पाठ्यक्रमले दिगो विकास लक्ष्यलाई समेट्नुपर्दछ ।

१५. एक विद्यालय एक नर्स र एक आवधिक मनोसामाजिक परामर्शदाताको अवधारणालाई सामुदायिक तथा निजी विद्यालयमा लागू भए नभएको अनुगमन गर्नुपर्दछ ।

१६. सबै विद्यालयमा आवधिक रूपमा परामर्शदातावाट विद्यार्थीहरूलाई स्वास्थ्य, सम्बन्ध, परिवार तथा समाजमा उनीहरूको भुमिका लगायतका सवालमा परामर्श प्रदान गर्ने ब्यवस्था गरिनुपर्दछ ।

१७. विद्यार्थीका अभिभावक तथा स्थानिय सरकारका सदस्यहरूलाई बृहत यौनिकता शिक्षाको आवस्यकताका बारेमा विद्यालयले निरन्तर सचेतना तथा पैरवी गर्नुपर्दछ ।

१८. बृहत यौनिकता शिक्षालाई कक्षा ३ देखि कक्षा १२ सम्म अनिवार्य शिक्षाका रूपमा लागू गरिनुपर्दछ ।

१९. कक्षा ५ भन्दा माथि सबै विषयका शिक्षकहरू विषयगत अध्ययन गरेकाहरूलाई मात्र नियुक्त गरिनुपर्दछ ।

२०. बृहत यौनिकता शिक्षाको पाठ्यक्रमका केहि अंश स्थानिय परिवेश (जस्तैः रिती, कुरिती, परम्परा, मान्यता, प्रथा, सामाजिक चलन तथा अभ्यास) का आधारमा स्थानिय निकायले तयार पारेर लागू गर्नुपर्दछ ।

# सन्दर्भ सामग्रीहरू

http://www.tarshi.net/index.asp?pid=321

UNESCO. International Technical Guidance on Sexuality Education. Paris: UNESCO, 2018.

Cyprus Family Planning Association. Comprehensive sexuality education material available in Cyprus, Norway and Europe. Nicosia, Cyprus: CFPA, 2015 .

UNESCO. International Technical Guidance on Sexuality Education. Paris: UNESCO, 2018.

IPPF. Everyone's right to know: delivering comprehensive sexuality education for all young people. London: IPPF, 2016.

RHRN, and Visible impact. Position Paper: Provision of Comprehensive Sexuality Education to all young people in Nepal. RHRN, 2018.

RHRN, and Visible impact. Position Paper: Provision of Comprehensive Sexuality Education to all young people in Nepal. RHRN, 2018.

RHRN, and Visible impact. Position Paper: Provision of Comprehensive Sexuality Education to all young people in Nepal. RHRN, 2018.

RHRN, and Visible impact. Position Paper: Provision of Comprehensive Sexuality Education to all young people in Nepal . RHRN, 2018.

UNFPA. UNFPA Operational Guidance for Comprehensive Sexuality Education: A focus on Human Rights and Gender. New York: UNFPA, 2014.

The Constitution of Nepal. Retrieved from http://www.wipo.int/edocs/lexdocs/laws/en/np/np029en.pdf

The convention on the rights of the child. Retrieved from https://www.unicef.org/crc/files/Guiding_Principles.pdf

Adolescent and Youth Demographics: A Brief Overview. Retrieved from https://www.unfpa.org/sites/default/files/resourcepdf/One%20pager%20on%20youth%20demographics%20GF.pdf

https://www.unicef.org/ghana/REALLY_SIMPLE_STATS_-_Issue_4(1).pdf

Vayachuta et al. The study of 'out-of-school' children and youth situations for developing a lifelong education model for 'out-of-school' children and youth . Retrieved from https://www.shs-conferences.org/articles/shsconf/pdf/2016/04/shsconf_erpa2016_01015.pdf

Central Bureau of Statistics. Nepal Multiple Indicator Cluster Survey 2014, Final Report. Kathmandu, Nepal: Central Bureau of Statistics and UNICEF Nepal, 2015.

Central Bureau of Statistics. Nepal Multiple Indicator Cluster Survey 2014, Final Report. Kathmandu, Nepal: Central Bureau of Statistics and UNICEF Nepal, 2015.

Government of Nepal, UNESCO and UNICEF. Global Initiative on Out of School Children- Nepal Country Study. Kathmandu, Nepal: UNICEF, 2016.

UNFPA and Ministry of Education. Review of Curricula in the context of Comprehensive Sexuality education (CSE) in Nepal. Kathmandu, Nepal: UNFPA, 2014.

UNESCO and UIS. Out-of-School Children and Adolescents in Asia and the Pacific; Left Behind on the Road to Learning Opportunities for All'. UNESCO and UIS, 2015.

Ministry of Education, UNICEF and UNESCO. Global Initiative on Out of School Children– Nepal Country Study. Kathmandu, Nepal: UNICEF, 2016.

Ministry of Education, UNICEF and UNESCO. Global Initiative on Out of School Children– Nepal Country Study. Kathmandu, Nepal: UNICEF, 2016.

Ministry of Education, UNICEF and UNESCO. Global Initiative on Out of School Children– Nepal Country Study. Kathmandu, Nepal: UNICEF, 2016.

Ministry of Education, UNICEF and UNESCO. Global Initiative on Out of School Children– Nepal Country Study. Kathmandu, Nepal: UNICEF, 2016.

UNFPA and Ministry of Education. Review of Curricula in the context of Comprehensive Sexuality education (CSE) in Nepal. UNFPA, 2014.

UNFPA and Ministry of Education. Review of Curricula in the context of Comprehensive Sexuality education (CSE) in Nepal. UNFPA, 2014.

UNESCO. International Technical Guidance on Sexuality Education. Paris: UNESCO, 2018.

Ministry of Education, UNICEF and UNESCO. Global Initiative on Out of School Children– Nepal Country Study. Kathmandu, Nepal: UNICEF, 2016.

UNESCO. International Technical Guidance on Sexuality Education. Paris: UNESCO, 2018.

UNESCO. International Technical Guidance on Sexuality Education . Paris: UNESCO, 2018.

IPPF. Everyone's right to know: delivering comprehensive sexuality education for all young people. London: IPPF, 2016.

LOOM. Guff Gaff on Women with Disabilities. Retrieved from https://taannepal .wordpress .com/2018/04/03/reflection-of-guffgaff-on-women-with-disabilities-the-second-episode-of-interfacing-sexuality-in-womens-movement-of-nepal-series/

Ministry of Health and Population, UNFPA and UNICEF. The Qualitative Study on Assessing Supply Side Constraints Affecting the Quality of Adolescent Friendly Health Services and the Barriers for Service Utilization in Nepal. Kathmandu, Nepal: Ministry of Health and Population, UNFPA and UNICEF, 2015.

UNESCO. International Technical Guidance on Sexuality Education. Paris: UNESCO, 2018.

Government of Nepal, UNESCO and UNICEF. Global Initiative on Out of School Children- Nepal Country Study. Kathmandu, Nepal: UNICEF, 2016.

https://thehimalayantimes.com/kathmandu/number-sex-workers-increasing/

https://www.bibalex .org/Search4Dev/files/365466/203297.pdf

https://thehimalayantimes.com/kathmandu/number-sex-workers-increasing/

LOOM. Guff Gaff on Sex work and sexuality. LOOM, 2018.

National Centre for AIDS and STD control. Country Progress Report Nepal: To contribute to global AIDS monitoring Report 2016. Ministry of Health, Nepal, 2016.

UNESCO. International Technical Guidance on Sexuality Education. Paris: UNESCO, 2018.

UNDP and USAID. Being LGBT in Asia: Nepal Country Report. Bangkok: UNDP, 2014.

Ministry of Education, UNICEF and UNESCO. Global Initiative on Out of School Children– Nepal Country Study . Kathmandu, Nepal: UNICEF, 2016.

Jean-Christophe Ryckmans. The street Children of Nepal; Anthroposociological Study of Social, Cultural and Communicational Practices. Nepal: CPCS, 2012.

UNESCO. International Technical Guidance on Sexuality Education. Paris: UNESCO, 2018.

KII with Choodamani Paudel, Director of Non Formal Education Department, November, 2018.

KII with Rachana Lama, Swayambhu CLC President, November, 2018.

http://www.flexlearnstrategies .net/alternative-schooling-programme-asp-flexible-schooling-programme-fsp/

KII with Rachana Lama, Swayambhu CLC President, November, 2018.

http://nepal.unfpa.org/en/publications/social-and-financial-skills-package-rupantaran-1-4.

Ministry of Health and Population, UNFPA and UNICEF. The Qualitative Study on Assessing Supply Side Constraints Affecting the Quality of Adolescent Friendly Health Services and the Barriers for Service Utilization in Nepal . Kathmandu, Nepal: Ministry of Health and Population, UNFPA and UNICEF, 2015.

Anusha Ban and Kabita Devkota, "Friendly health services: For Adolescents", The Himalayan Times, May 15, 2017, https://thehimalayantimes.com/opinion/friendly-health-services-adolescents/ (accessed, November 24, 2018).

